# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा. परिपत्र संख्या : १६/२०७८-७९** मितिः २०७८/०९/१४

**श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु, इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरु ।**

**विषय : एकीकृत परिपत्र-२०७६ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहायबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**१. एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्रः ०७/२०७६ मा देहायबमोजिम संशोधन गरिएको छ :**

दफा १ को खण्ड (ख) को उपखण्ड (१) मा संशोधन :

भारत बाहेक अन्य मुलुकहरूको भ्रमणमा जाने नेपाली नागरिकहरूलाई राहदानीबापत प्रति पटक अमेरिकी डलर १,५००।- वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्म सटही सुविधा दिन सकिनेछ । **तर, यस्तो सटही सुविधा एक वर्षमा २ पटकमा नबढ्ने गरी मात्र प्रदान गर्न सकिनेछ ।**

दफा १ को खण्ड (झ) को उपखण्ड (१) मा संशोधन :

राहदानी वापतको सटही सुविधा प्रदान गर्दा यसैसाथ संलग्न अनुसूची ७.१ अनुसारको निवेदन फाराम भराई लिनु पर्नेछ । **सटही सुविधा उपलब्ध गराउँदा श्रोतको स्वघोषणा लिनु पर्नेछ ।**

दफा १ को खण्ड (झ) मा उपखण्ड (५) थप :

**राहदानीबापतको सटही सुविधा उपलब्ध गराउँदा सम्भव भएसम्म राहदानी बाहक स्वयम् उपस्थित हुनु पर्नेछ ।**

अनुसूची ७.१ को निवेदनको व्यहोराको दोस्रो अनुच्छेदमा संशोधन :

मैले यस राहदानी वापत सटही लिएको एक महिनाभित्र उद्देश्य बमोजिम विदेश यात्रा नगरेमा सो विदेशी मुद्रा बैंकमा दाखिला गर्नेछु । साथै, यस पटकको विदेश भ्रमणको लागि **तोकिएको सीमाभन्दा बढी हुने गरी** राहदानी वापतको सटही सुविधा अन्य कुनै पनि संस्थाबाट नलिएको **र सटही वापतको रकम वैध श्रोतबाट प्राप्त भएको** व्यहोरा समेत अनुरोध गर्दछु । झुट्टा विवरण पेश गरी सटही लिएको ठहरेमा प्रचलित ऐन, कानून बमोजिम सजायँको भागीदार स्वयम् हुनेछु ।

भवदीय,

२०७८/०९/१४

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग ।

५. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
१०. श्री नेपाल बैंकर्स संघ ।
११. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१२. श्री नेपाल वित्तीय संस्था संघ ।